मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : ३२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ पुस ४ गते सोमबार (Monday, December 19. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## भरुवा बन्दुकसहित दुई जना पक्राउ

**सोलुखुम्बू, पुस ३।** माप्य दूधकोशी गाउँपालिका-२ बस्ने ३२ वर्षीय खगेन्द्र राई र सोही ठाउँ बस्ने २४ वर्षीय प्रवेश राईलाई १ थान भरुवा बन्दुकसहित प्रहरीले पक्राउ गरेको छ।

सोलु दूधकुण्ड नगरपालिका-१ छिर्दी खोलास्थित निर्माणाधीन पुलका कामदारहरुलाई उनीहरूले धाकधम्की दिई कामदारहरूको मोवाइल समेत लिएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी नुनथलाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त हतियारसहित पक्राउ गरेको हो।

## स्थानीय तहका अधिकारीले बिदा बस्दा मन्त्रालयको स्वीकृति अनिवार्य

**झापा, पुस ३।** स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत अब बिदामा बस्दा अनिवार्य स्वीकृति लिनुपर्ने भएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाए अनुसार जिल्ला समन्वय समितिका अधिकारी र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले बिदामा बस्दा अनिवार्य मन्त्रालयबाट स्वीकृति गराउनुपर्ने उक्त मन्त्रालयको सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखाका प्रमुख रवीन्द्रजङ्ग थापाले जानकारी दिए। उनले जानकारी बिना कार्यक्षेत्र छाडेर जाँदा सेवा प्रवाहमा समस्या देखिएकाले अबदेखि मन्त्रालयको स्वीकृति बेगर बिदा पनि बस्न नपाइने बताए।

ती अधिकारीले आफूखुशी कार्यालय छाडेर बाहिर जाने गरेको गुनासो आएकाले जानकारी विना कार्यालय छाडेर नजान उनीहरुलाई निर्देशन दिइएको बताए। मन्त्रालयले ७७ जिल्ला समन्वय समिति र सात सय ५३ वटै स्थानीय तहलाई पत्र पठाइ अब उप्रान्त मन्त्रालयको पूर्वस्वीकृति बिना जिल्ला र कार्यक्षेत्र नछाड्न पनि निर्देशनमा उल्लेख गरेको छ।

## बाह्रदशीका स्थानीयवासी आन्दोलित

**झापा, पुस ३।** प्रगति इँटाभट्टाले वातावरणमैत्री चिम्नी प्रयोग नगरेको भन्दै बाह्रदशीका स्थानीय आन्दोलित भएका छन्।

बाह्रदशी गाँउपालिका-५मा रहेको प्रगति इँटाभट्टाले वातावरणमैत्री चिम्नी प्रयोग नगरेको भन्दै सन्तोष बोखिमको नेतृत्वमा १ सय ४० जनाको संघर्ष समिति गठन गरिएको छ। नेपाल सरकारबाट प्रतिबन्धित चिम्नी इँटा बनाउन प्रयोग नगर्न तथा धुँवा, बिकिरणले हाम्रो स्वस्थ्य बिग्रिएको र घरको छानो समेत दुला पारेकोले विषाक्त चिम्नी प्रविधि परिवर्तन गरी प्रदुषणरहीत चिम्नी प्रयोग गरिदिनुहोस् भनी पटक-पटक आवज उठाँउदा सुनेको नसुन्यै गरेको स्थानीयको गुनासो छ।

उता लक्ष्मीपुर-राजगढ सडक खण्डको बाह्रदशी गाउँपालिका अगाडि आइतवार स्थानीयले बाँस बाँधेर बाटो अवरोध गरेका छन्। यसअघि पनि स्थानीयले बारम्बार ध्यानाकर्षण गराइरहँदा समेत सुनुवाइ नभएको स्थानीयको भनाइ छ। बाटोमा पानी हाल्ने भद्र सहमति भए पनि गाउँपालिकाले उचित समन्वय गर्न नसकेको स्थानीयको आरोप छ। गत मंसीर र २१ गते स्थानीयसंग १० दिनभित्रमा पनि कालोपत्रको काम शुरु हुन नसकेमा निर्माण व्यवसायीले पानी लगाएर बाटोलाइ पुनः पेल्ने सहमति भएको थियो।

# सरकार गठनका लागि सात दिनको समय



**झापा, पुस ३।** राष्ट्रपति विद्यादेवी भण्डारीले सरकार गठनका लागि सात दिनको समयसहित दलहरुलाई आव्हान गरेकी छिन्। उनले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाका सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्नका लागि आव्हान गरेकी हुन्।

राष्ट्रपतिको कार्यालयबाट विज्ञप्तिमा जारी गर्दै प्रधानमन्त्री नियुक्तिका लागि यही पुस १० गते आइतबार दिनको ५ बजेभित्र दावी पेश गर्न आव्हान भएको उल्लेख छ। निर्वाचन आयोगबाट प्रतिनिधिसभा सदस्य निर्वाचन २०७९ को निर्वाचन परिणामसहितको प्रतिवेदन प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन-२०७४ दफा ६२ बमोजिम गत मंसीर २९ गते राष्ट्रपतिसमक्ष पेश भएको थियो।

राष्ट्रपतिबाट प्रधानमन्त्री नियुक्तिका लागि नेपालको संविधानको धारा ७६को उपधारा १ बमोजिम कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त गरेको नदेखिएकाले नेपालको संविधानको धारा ७६को उपधारा २ बमोजिम प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गर्न आह्वान गरेकी हुन्।

यसैबीच नेपाली कांग्रेसले औपचारिक रुपमा नयाँ सरकारको नेतृत्वमा दाबी गरेको छ। आइतबार बसेको कार्यसम्पादन समितिको बैठकले आफ्नै नेतृत्वमा सरकार बनाउन पहल गर्ने निर्णय गरेको हो। प्रवक्ता डा. प्रकाशशरण महत भन्छन्- 'गठबन्धनको सरकारलाई निरन्तरता दिने हाम्रो लक्ष्य हो। यस अनुसार गठबन्धनको नेतृत्वसँग छलफल हुन्छ, अन्य दलहरुसँग पनि परामर्श हुन्छ।'

गठबन्धनको अर्को घटक माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पनि प्रधानमन्त्रीमा दाबी गरेका छन्। प्रचण्डले पहिलो पालोमा प्रधानमन्त्री हुने इच्छा राख्नु अनुचित नभएको कांग्रेसले बताएको छ। तर, ठूलो दल भएकाले आफ्नो नेतृत्वमा सरकार बनाउनुपर्ने भन्दै कांग्रेस प्रवक्ता महत भन्छन्- 'कांग्रेसको नेतृत्वमा सरकार गठन गर्ने विषयमा गठबन्धनभित्र र अन्य दलहरुसँग पनि छलफल हुन्छ।'

आइतबारकै बैठकले दलको नेता चयनका लागि सहमहामन्त्री भीष्मराज आङ्देम्बेको नेतृत्वमा निर्वाचन समिति बनाएको छ। मंगलबार वा बुधबार दलको चुनाव हुनेछ। आफूहरुको प्रयास पार्टी सभापतिकै नाममा सहमति जुटाउने भएको भन्दै कांग्रेस प्रवक्ता डा. महत भन्छन्- 'सर्वसम्मत भए राम्रो, नभए लोकतान्त्रिक प्रक्रिया छँदैछ।'

**अवको प्रतिक्रिया के ?**

नेपालको संविधान २०७२ को धारा २२१ ले स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँ र नगरसभालाई

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'शपथ नगराई सरकार गठन गर्नु उल्टो बाटो'



**झापा, पुस ३।** नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले निर्वाचित सांसदहरुको शपथग्रहण अगावै सरकार गठन प्रक्रिया अगाडि बढाउन नमिल्ने बताएका छन्।

पार्टीको पदाधिकारी बैठकपछि एक कार्यक्रममा आफ्नो धारणा राख्दै अध्यक्ष दाहालले प्रतिनिधिसभाका सबै सदस्यहरुको शपथग्रहण पछि मात्रै सरकार गठन प्रक्रिया अघि बढाउनुपर्ने बताएका हुन्।

निर्वाचित सांसदहरुको सपथग्रहण बिना नै सरकार गठन प्रक्रिया अघि बढाउनु भनेको उल्टो प्रक्रिया हुने भन्दै त्यसतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराए। उनले सांसदहरुको शपथ ग्रहण नहुँदै सरकार गठन गर्ने विषय विगतमा पनि भएको र त्यही उल्टो प्रक्रिया नजिर जस्तो बन्न गएको उल्लेख गर्दै उनले त्यसो गर्नु गलत हुने दाबी गरे।

अध्यक्ष दाहालले यसअघि पनि संसदीय दलको बैठकपछि मात्रै सरकार गठन प्रक्रिया अघि बढाइने बताउँदै आएका थिए। राष्ट्रपति कार्यालयले आइतवार एक साताको समय दिएर सरकार गठन गर्न दलहरुलाई आव्हन गरेको छ।

## भूमिहीनलाई धनीपुर्जा

**दमक, पुस ३।** दमक नगरपालिका वडा नम्बर ५का भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई आइतवारबाट धनीपुर्जाको निस्सा वितरण शुरु गरिएको छ।

स्थानीय ज्येष्ठ नागरिक सम्मान प्रतिष्ठान नेपालको परिसरमा आयोजित कार्यक्रममा दमक नगर प्रमुख राम थापा, उपप्रमुख रेगिना भट्टराईसहितले वडाभित्र रहेका भूमिहीनहरुलाई धनीपुर्जा वितरण गरेका हुन्।

दमक वडा नम्बर ५का वडाध्यक्ष इन्द्र गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा भूमिहीनहरुलाई निस्सा वितरण गर्दै नगर प्रमुख थापाले गत मंसीर ४मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको आचारसंहिताका कारण निस्सा वितरण केही ढिलो भएको भन्दै अब निरन्तर प्रक्रियामा लगेर चाँडै नै वितरण गर्ने बताए।

आफूहरु निर्वाचित भएर आएदेखि नै पहिलो प्राथमिकतामा राखेर भूमिहीनलाई धनीपूर्जा उपलब्ध गराउने काममा लागेको उनले बताए।

*(बाँकी अन्तिम पृष्ठमा)*

## समानुपातिक सांसदलाई प्रमाणपत्र

**झापा, पुस ३।** निर्वाचन आयोगले प्रतिनिधिसभाको समानुपातिकतर्फ नवनिर्वाचित सांसदलाई निर्वाचित भएको प्रणाण-पत्र प्रदान गरेको छ।

निर्वाचन आयोगमा आइतवार आयोजित कार्यक्रममा समानुपातिक निर्वाचन प्रणालीतर्फका मुख्य निर्वाचन अधिकृत एवम् आयोगका सचिव गोकर्णमणि दुवाडीले निर्वाचित सांसदलाई प्रमाणपत्र वितरण गरेका हुन्। समानुपातिकतर्फका नवनिर्वाचित सांसदलाई प्रमुख निर्वाचन आयुक्त दीनेशकुमार थपलियाले बधाई ज्ञापन गरेका थिए।

प्रतिनिधिसभाको समानुपातिकतर्फ एक सय १० सांसद निर्वाचित भएका छन्। समानुपातिकतर्फ सबैभन्दा बढी नेकपा (एमाले) का ३४, नेपाली कांग्रेसका ३२, नेकपा (माओवादी केन्द्र)का १४, राष्ट्रिय स्वतन्त्र पार्टीका १३, राष्ट्रिय प्रजातन्त्र पार्टीका सात तथा जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीका पाँच-पाँच जना निर्वाचित भएका छन्।

# तीन वर्षमा ११ लाख युवा विदेशिए

**झापा, पुस ३।** पछिल्लो तीन वर्षमा मात्रै ११ लाख युवा वैदेशिक रोगजारीका लागि खाडी मुलुक सहित विभिन्न देश गएको पाइएको छ। त्यस मध्ये कतार जाने नेपालीको संख्या धेरै देखिएको छ। कतारमा मात्रै ३५.९ प्रतिशत युवा पुगेको तथ्यांकले देखाएको हो।

वैदेशिक रोजगारीमा जानेमध्ये तराईका जिल्लाका युवा धेरै देखिएका छन्। एक प्रतिवेदन अनुसार धनुषा, सिराहा, झापा, मोरङ, सुनसरीबाट ठूलो संख्यामा युवाहरू विदेशिएका छन्। अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसका अवसरमा सार्वजनिक गरिएको प्रतिवेदनमा कामको खोजीमा तीन वर्षमा ११ लाखभन्दा धेरै युवाहरू नयाँ तथा पुनः श्रम स्वीकृति लिएर विदेशिएको देखाएको छ।

प्रतिवेदन अनुसार तीन वर्षमा ११ लाख ६५ हजार १५१ जना वैदेशिक रोजगारमा पुगेका छन्। प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७६/७७ मा



तीन लाख ३९ हजार ९४४ जना पुरुष र २८ हजार ४२९ महिला गरी कूल तीन लाख ६८ हजार ३७३ जनाले नयाँ तथा पुनः श्रम स्वीकृति लिएका छन्।

त्यस्तै आर्थिक वर्ष २०७७/०७८मा एक लाख ५५ हजार २३३ पुरुष र ११ हजार ४५६ महिलाले श्रम स्वीकृति लिएका छन्। आर्थिक वर्ष २०७८/७९ मा पाँच लाख ८० हजार ९६१ पुरूष र ४९ हजार १२८ महिला विदेशिएका छन्। जसमा नयाँ श्रम स्वीकृति लिएर मात्रै ६ लाख ११ हजार ३३२ जना विदेशिएका हुन्।

नयाँ श्रम स्वीकृति लिएर विदेशिनेमा सबैभन्दा धेरै मधेश प्रदेशबाट छन्। प्रतिवेदन अनुसार मधेश प्रदेशबाट वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने २८.६८ प्रतिशत छन्। त्यस्तै प्रदेश १ बाट २०.२४ प्रतिशत, लुम्बिनी प्रदेशबाट १६.८२ प्रतिशत, बागमती प्रदेशबाट १५.४८ प्रतिशतले श्रम स्वीकृति लिएका छन्।

त्यस्तै, गण्डकी प्रदेशबाट १२.१९ प्रतिशत, कर्णाली प्रदेशबाट ३.८५ प्रतिशतले श्रम स्वीकृति लिएका छन्। सबैभन्दा कम सुदूरपश्चिम प्रदेशबाट २.७३ प्रतिशतले श्रम स्वीकृति लिएका छन्।

पछिल्लो ३ वर्षको अवधिमा सबैभन्दा धेरै युवाहरू कतार पुगेको देखिन्छ। त्यसपछि दोस्रो गन्तव्य मुलुक मलेशिया बनेको छ। मलेशियामा २२ प्रतिशत युवा पुगेको तथ्यांकले देखाउँछ। त्यस्तै साउदीमा १५.४, संयुक्त अरब इमिरेट्स (युएई) मा ७.५ प्रतिशत र कुवेतमा ६.५ प्रतिशत पुगेका छन्।

जापान, अफगानिस्तान, जोर्डन, माल्टा, टर्की लगायत मुलुकमा पुग्ने नेपालीको संख्या पनि ठूलो छ। पछिल्लो समय मध्य र पूर्वी युरोपेली क्षेत्रका मुलुकहरू रोमनिया, क्रोएसिया, अल्बेनिया, पोल्याण्ड जस्ता मुलुकहरू नयाँ गन्तव्यका रूपमा स्थापित हुँदै गएको देखिएको छ।

त्यस्तै, पश्चिम एशियाली मुलुकहरूमा साइप्रस, टर्की पनि नयाँ गन्तव्यका रुपमा देखा परेको देखिएको छ। वैदेशिक रोजगारमा जाने पुरूष श्रमिकहरू निर्माण क्षेत्रमा ६.१ प्रतिशत, सवारी चालक तथा मसिन अपरेटर ८ प्रतिशत, औद्योगिक तथा औद्योगिक उत्पादन ८.९ प्रतिशत संलग्न हुने गरेका छन्। अवर्गिकृत काममा ४० प्रतिशत पुरूष

*(बाँकी अन्तिम पृष्ठमा)*

## करणी अभियोगमा पक्राउ


**तेह्रथुम, पुस ३।** १४ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा पाँचथर फिदिम नगरपालिका-३ बस्ने ३९ वर्षीय नरेन्द्र राईलाई प्रहरीले पक्राउ गरेको छ।

ती किशोरीलाई राईले मंसीर २८ गते तेह्रथुम आठराई गाउँपालिका पिलेस्थित झाडीमा जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी चुहानडाँडा तेह्रथुमबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

नेपालीहरुको लागि भरपर्दो सेवा

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली बायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।

Youtube Channel : Nishat M jotic kendra

## वान एक्स बेटमा करोडौंको सट्टेबाजी

**काठमाडौं, पुस ३।** कतारमा जारी विश्वकप फुटबलमा वान एक्स बेट नामक एप्लिकेशनमार्फत नेपालबाट करोडौंको सट्टेबाजी भएको पाइएको छ।

उपत्यका अपराध अनुसन्धान कार्यालय, बानेश्वरले गरेको अनुसन्धानका क्रममा भक्तपुरका सुनिल चौगुठी र अजय भेलेले मात्रै कम्तीमा ३ करोड रुपैयाँको कारोबार गरेको देखिएको हो। कार्यालयका एसपी कृष्ण कोइरालाका अनुसार चौगुठीको २५ वटा बैंक खाता भएकामा हालसम्म प्राप्त ८ वटा खाताको विवरणमा मात्रै २ करोड ४५ लाख ७१ हजार ८९९ रुपैयाँ बराबरको कारोबार भएको देखिएको छ।

भेलेको विभिन्न १९ वटा खाताको विवरण मागिएकामा ५ वटा बैंकको विवरण प्रहरीले पाएको छ। त्यसमा ६ महिनामा ६० लाख २९ हजार ९१५ रुपैयाँको कारोबार भएको देखिएको छ। 'अन्य बैंक खाताहरुको विवरण पनि प्राप्त हुने प्रक्रियामा रहेको छ'- एसपी कोइराला भन्छन्। यसअघि कार्यालयले पक्राउ गरेका ललितपुरका २१ वर्षीय आदर्श ठाकुरले पनि वान एक्स बेटमार्फत २ करोड रुपैयाँ बढी कारोबार गरेको देखिएको थियो।

**सट्टेबाजीको क्रिप्टो कनेक्सन**

अनुसन्धानमा संलग्न एक अधिकृतका अनुसार युरोपियन मुलुक साइप्रसबाट चलेको वान एक्स बेटले विभिन्न एजेन्टमार्फत नेपाली रुपैयाँ संकलन गर्ने गरेको छ। उनीहरुको सहयोगमा खल्ती, ई-सेवा, कनेक्ट आईपीएस, प्रभुपे लगायतका एप्लिकेशन प्रयोग गरेर कारोबार गरेको

*(बाँकी अन्तिम पृष्ठमा)*

पायल्स फिसर, फिस्टुला र ग्याष्ट्रिकको निःशुल्क जाँच

निःशुल्क जाँच, निःशुल्क जाँच काठमाडौंका एमडी डाक्टर निलकण्ठ उपाध्यय यही पुस ९ गते शनिवार पायल्स फिसर, फिस्टुला ग्याष्ट्रिक लगायत सम्पूर्ण दीर्घकालीन रोग साथै डाक्टर भगवान शाहद्वारा हाडजोर्नी नशा प्यारालाइसिसको जाँच तथा परामर्श स्थान।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर अष्टङ्ग आयुर्वेद फार्मेसी, राजगढ बस स्टेण्ड दक्षिण, बिर्तामोड

फोन नं. ०२३-५३२३६६, ५९०१६६, ९८०६०००३१३

फोनबाट पनि नाम टिपाउन सकिनेछ।

# भद्रपुरमा गोल्डकपको तयारी शुरु



**बिर्तामोड, पुस ३।** झापाको सदरमुकाम चन्द्रगढीमा करिब दुई दशकपछि भद्रपुर झापा गोल्डकप हुने भएपछि तयारी शुरु गरिएको छ।

एक साताअघि नगरपालिकामा भएको सर्वदलीय भेलाबाट स्थानीय उद्योगी दीपेश ढकालको अध्यक्षतामा आयोजक समिति बनाइएको थियो। महासचिव जीवनकुमार श्रेष्ठको नेतृत्वमा सचिवालय सञ्चालनमा आएको छ। आयोजक समितिले फुटबल प्रतियोगिता हुने मेची रंगशालाको मर्मत शुरु गरेको छ।

२०६१ सालमा भएको त्रिभुवन गोल्डकपपछि चन्द्रगढीमा राष्ट्रियस्तरको फुटबल प्रतियोगिता हुन सकेको थिएन। स्थानीय खेलाडीले प्रशिक्षण गर्दा मैदान जीर्ण बनेकाले पुनर्निर्माण शुरु गरिएको अध्यक्ष ढकालले बताए। खेल मैदानमा झार सुकेको तथा धेरै भागमा झार नै नरहेकाले पानीले भिजाएर झार रोप्ने काम भइरहेको छ। समितिले पार्किङका लागि आवश्यक ठाउँ समेत तयार पार्दैछ।

फुटबल प्रतियोगिता सञ्चालन नहुँदा झापाको पुरानो र एक मात्र स्थायी रंगशाला प्रयोगविहीन बन्दै गएको थियो। ओझेलमा पर्दै आएको मेची रंगशालालाई पुनर्जीवन दिने उद्देश्यले भद्रपुर गोल्डकप सञ्चालन हुने भएको अध्यक्ष ढकालले बताए। भद्रपुर नगरपालिकाको संरक्षणमा पहिलोपटक हुन लागेको भद्रपुर झापा गोल्डकपमा 'ए' डिभिजन क्लबसहित विदेशी टोलीको सहभागिता रहनेछ। भद्रपुर नगरपालिकाले चालू आर्थिक वर्षमा गोल्डकपका लागि ३० लाख रुपैयाँ बजेट छुट्याएको छ।

फागुन दोस्रो साता हुने भद्रपुर झापा गोल्डकपको बिजेता टिमले नगद १३ लाख र उपबिजेताले नगद ६ लाख रुपैयाँ पाउने महासचिव श्रेष्ठले जानकारी दिए। प्रतियोगिताका उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फरवाड र उत्कृष्ट प्रशिक्षकले २५ हजार रुपैयाँ पुरस्कार पाउनेछन्। त्यस्तै, प्रत्येक खेलको म्यान अफ द म्याचले नगद १० हजार रुपैयाँ पाउनेछन्।

प्रतियोगिता सञ्चालनको लागि एक करोड ४० लाख रुपैयाँ लागत अनुमान गरिएको छ। मूल आयोजक समितिले प्रतियोगिता सम्पन्न गर्न विभिन्न उपसमितिहरु पनि निर्माण गरिरहेको छ।

# हाम्रो नेपालको नाफा ४६ लाख

**बिर्तामोड, पुस ३।** हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्थाले साधारणसभाको पूर्वसन्ध्यामा संस्थाको प्रतिवेदन सार्वजनिक गरेको छ।

अध्यक्ष भवानीप्रसाद दंगाल, सल्लाहकार समिति संयोजक भगीरथ आले मगर मामा र लेखा सुपरीवेक्षण समिति संयोजक कृष्णराज कटुवालले प्रतिवेदन सार्वजनिक गरेका हुन्। संस्थाको साधारणसभा पुस २३ गते हुने बताइएको छ। यसअघि इकाईगत रुपमा साधारणसभा हुने र माइन्यूट प्रमाणीकरणसँगै पुस २३मा संस्थाको १०औं बार्षिकसभा सम्पन्न गर्ने बताइएको छ। आइतवार संस्थाको कार्यालयमा पत्रकार सम्मेलनमार्फत संस्थाले गरेको प्रगति विवरण समेत सार्वजनिक गर्दै यो सभा चुनावी सभा भएको अध्यक्ष दंगालले बताए।

२०६९ साल साउन १४ गते संस्था स्थापना भएको र झापा, इलाम र मोरङमा कार्यक्षेत्र रहेको पत्रकार सम्मेलनमा जानकारी दिइयो। संस्थाका ३० वटा सेवा केन्द्रहरु रहेको बताइएको छ। झापामा बिर्तामोड, राजगढ, सुरुङ्गा, चन्द्रगढी, मंगलवारे, झिलझिले, बुधवारे, चारआली, धुलावारी, इँटाभट्टा, गौरादह, शनिश्चरे, लक्ष्मीपुर, दमक, केरखा, बनियानी, शिवगञ्ज, खुदुनावारी, गौरीगञ्ज, कामाटोली, काँकरभिट्टा, गेउरिया र भद्रपुरको सोमवारेमा सेवा केन्द्र सञ्चालनमा रहेको बताइएको छ।

त्यस्तै इलाममा हर्कटे, दानावारी र चुलाचुली, मोरङमा मधुमल्ला, उर्लाबारी, डाम्राभिट्टा र मंगलवारेमा सेवा केन्द्र सञ्चालनमा रहेको जानकारी दिइयो। संस्थामा १४ हजार दुई सय २१ महिला र १० हजार सात सय ४२ पुरुष गरी २४ हजार नौ सय ६३ जना शेयरसदस्य रहेको अध्यक्षको प्रतिवेदनमा उल्लेख छ। संस्थामा वहाल सदस्य संख्या ६ हजार तीन सय ९८, बचत खाता संख्या ५९ हजार ८ सय ६० रहेको बताइएको छ। शेयरपुँजी १७ करोड २२ लाख ९१ हजार रहेको छ भने बचत निक्षेप ९० करोड ५१ लाख २८ हजार सात सय ८ रुपैयाँ ८ पैसा रहेको पत्रकार सम्मेलनमा जानकारी दिइयो। संस्थामा ऋणी सदस्य संख्या ५ हजार एक सय ७४ रहेकोमा दुई हजार आठ सय ७६ महिला र



दुई हजार दुई सय ९८ पुरुष ऋणी सदस्य रहेको बताइएको छ। संस्थाले एक अर्ब ७१ करोड ८८ लाख १३ हजार ६ सय ८३ रुपैयाँ ३४ पैसा ऋणी लगानी गरेको र असल कर्जा एक अर्ब ६८ करोड ४९ लाख ३९ हजार तीन सय रहेको बताइएको छ।

संस्थाले आर्थिक बर्ष ०७८/०७९मा ४६ लाख दुई हजार एक सय ४४ रुपैयाँ ५३ पैसा नाफा गरेको अध्यक्षको प्रतिवेदनमा उल्लेख छ। संस्थाले दुई सय ०६ जना सुत्केरी महिलालाई सुत्केरी सुविधा तथा पोषण सुविधा उपलब्ध गराएको छ। आफ्ना शेयर सदस्य सुत्केरी हुँदा सुत्केरी सुविधा तथा पोषण सुविधा उपलब्ध गराउँदै आएको अध्यक्ष दंगालले बताए। सो वापत संस्थाले दुई लाख ७७ हजार नौ सय ८५ रुपैयाँ उपलब्ध गराएको हो। ९५ जना नवजात शिशुलाई ९३ हजार पाँच सय रुपैयाँ बराबरको न्यानो कपडा प्रदान गरेको बताइएको छ।

नियमित कार्यक्रम अनुसार संस्थाका सदस्यलाई नवजात शिशु सुविधा अन्तर्गत न्यानो कपडा उपलब्ध गराएको हो। पोषण तथा न्यानो कपडा वापत दुई सय २० जना सुत्केरी महिलालाई दुई लाख १५ हजार सात सय ७७ रुपैयाँ बराबरको पोषण तथा नवजात शिशुलाई न्यानो कपडा उपलब्ध गराएको छ। बाल बचतकर्ताहरुमध्ये दुई हजार चार सय ३० जना बालबालिकाको जन्मदिनको अवसरमा संस्थाले ११ लाख ५४ हजार एक सय ८० बराबरको केक उपलब्ध गराएको बताइएको छ।

वैवाहिक बर्षगाँठको अवसरमा १०७ जना दम्पत्तिलाई ५२ हजार एक सय ५० रुपैयाँको उपहार प्रदान गरेको छ भने तीन जना बाल बचतकर्ता सदस्यहरुको मृत्यु भएकाले राहत सुविधामार्फत २८ हजार पाँच सय रुपैयाँ बराबरको राहत सुविधा प्रदान गरिएको छ।

अग्रिम बचत सुविधा अन्तर्गत चार सय जना बचत कर्तालाई चार लाख ४५ हजार पाँच सय रुपैयाँ प्रदान गरिएको छ भने संस्थामा आवद्ध तीन सय ५१ जना शेयर सदस्यलाई १७ लाख ३० हजार १६ रुपैयाँ किरिया खर्च तथा मृत्यु राहत सुविधा प्रदान गरिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो। लेखा सुपरीवेक्षण समिति संयोजक कटुवालले स्वागत गरेको कार्यक्रममा संस्थाकी कर्मचारी (विभागीय प्रमुख) ज्योति पराजुलीले संस्थाको समग्र आर्थिक अवस्थाको विषयमा जानकारी गराएकी थिइन्। कार्यक्रमको सञ्चालन पदपूर्ति उपसमिति संयोजक विश्वेश्वरप्रसाद लामिछानेले गरेका थिए।

# पत्रकार बोहोरासहित १० जनालाई सम्मान

**पाँचथर, पुस ३।** घुर्बिसे पञ्चमी बचत तथा ऋण सहकारी संस्थाको तेस्रो अधिवेशनबाट अध्यक्षमा पुनः वीरनरसिंह चेम्जोङ निर्वाचित भएका छन्।

नवनिर्वाचित समितिको उपाध्यक्षमा पञ्चमीला फेवदिन, सचिव राजकुमार श्रेष्ठ, सहसचिव शिवकुमार रसाइली, कोषाध्यक्ष विमला देवी पोखरेल रहेका छन्। सदस्यहरुमा घनेन्द्र चेम्जोङ, चन्द्रध्वज नेम्बाङ, धनश्वरी नेम्बाङ, कृष्णमाया दमाई, बालचन्द्र निरौला, तारादेवी चेम्जोङ, शेरबहादुर चेम्जोङ र केहेरसिंह चेम्जोङ चयन भएका छन्। अध्यक्ष चेम्जोङ संस्था स्थापनादेखि नै निरन्तर नेतृत्वमा छन्। लेखा संयोजकमा कमल खड्का, सदस्यमा अम्बिका प्रसाद सापकोटा र रीता नेपाली दर्जी चुनिएका छन्।

यसैबीच, नेपाल पत्रकार महासंघ पाँचथर शाखाको कार्यसमिति सदस्य, नयाँ बुलन्द डटकमका उपसम्पादक तथा पूर्वाञ्चल दैनिकका संवाददाता समेत रहेका पत्रकार युद्धबहादुर बोहोरासहित विभिन्न विधामा १० जनालाई सम्मान गरिएको छ। पत्रकार बोहोरा करिब एक दशकदेखि सञ्चारक्षेत्रमा आवद्ध भइ स्थानीय, दुर्गम क्षेत्रमा रही निरन्तर कलम चलाउँदै आएको साथै यस संस्थाको प्रवर्द्धनमा सहयोग पुऱ्याएकोले उनलाई सम्मान गरिएको संस्थाका अध्यक्ष



चेम्जोङले जानकारी दिए।

अन्य विधामा सम्मानित हुनेहरुमा सहकारीलाई जग्गा प्रदान गर्नुहुने दुर्गाप्रसाद चेम्जोङ र सुखबीर चेम्जोङ, एसईईमा उत्कृष्ट जीपीए ल्याउने शेयर सदस्यमध्येका छात्राछात्र खुशीमा नेम्बाङ र विधान चेम्जोङ, बालबचततर्फ अभ्यास आङ्देम्बे, उत्कृष्ट असल ऋणी महिलातर्फ सोममाया कुरुङ्बाङ र पुरुष बलबहादुर चेम्जोङ, ज्येष्ठ सदस्य खम्बसिंह निरौला र जसमाया चेम्जोङलाई सम्मान गरिएको थियो।

सभामा आर्थिक वर्ष २०७८/०७९को वार्षिक प्रतिवेदन संस्थाका अध्यक्ष चेम्जोङले सार्वजनिक गरेका थिए। १०९३ जना सदस्य रहेको संस्थामा ६१९ महिला,४६६ पुरुष, ८ संस्था साथै दुई सय २७५ जना बालबचत संख्या रहेको छ। अध्यक्ष चेम्जोङले पेश गरेको प्रस्तावित बार्षिक योजनामा जग्गा खरिद गरी सहकारीको आफ्नो भवन निर्माणको थालनी गर्ने भएको छ। अध्यक्षले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन र प्रस्तावित कार्ययोजना तथा लक्ष्य सर्वसम्मतले पारित भएको सचिव राजकुमार श्रेष्ठले जानकारी दिए।

सहकारीले गत आर्थिक वर्षमा शेयर पुँजी, बचत, लगानी, सम्पूर्ण कोष हिसाब र सम्पत्ति तथा दायित्वसहित अहिलेसम्मको वासलात ६ करोड ७५ लाख १८ हजार ८ सय ४५ रुपैयाँ ६७ पैसा रहेको प्रतिवेदनमा उल्लेख छ। कोषाध्यक्ष बिमला पोखेलले ८३ लाख ५८ हजार ८ सय ७२ रुपैयाँ आम्दानीमध्ये ५३ लाख ८१ हजार ९३० रुपैयाँ २७ पैसा खर्च कटाएर २९ लाख ७६ हजार ९४१ रुपैया ७३ पैसा शुद्ध बचत (नाफा) को हिसाव आर्थिक प्रतिवेदनमा प्रस्तुत गरेकी थिइन् भने लेखा प्रतिवेदन संयोजक सारानाथ पोखेलले पेश गरेका थिए।

२६ जना स्थानीय अग्रजले एक दशक अघि २६ हजार रुपैयाँबाट स्थापना गरेको यस संस्थाले नाफामुखी भन्दा पनि सेवामुखी भावनाको विकाश गर्दै स्थानीय क्षेत्रमा बैंकको अभाव भएको बेलामा इलाम र पाँचथरका सेवाग्राहीलाई सेवा प्रदान गर्दै आएको थियो। सदस्यको मृत्यु भएमा काजकिरिया खर्च सहयोग स्वरुप सदस्य मृतक परिवार राहत कोष खडा गरी प्रति सदस्य १० हजार रुपैंया उपलब्ध गराउँदै आएको छ। यस वर्ष १०.५ प्रतिशत शेयर लाभांश वितरण गरिने भएको छ।

प्रमुख अतिथि जिल्ला सहकारी संघ पाँचथरका अध्यक्ष रेणु ओझा, विशेष अतिथि फाल्गुनन्द-५ नम्बर वडाका अध्यक्ष बिष्णुकुमार चेम्जोङ, अतिथिहरु जिल्ला बचत संघ पाँचथरका सदस्य सागर ओझा, राष्ट्रिय सहकारी बैंक पाँचथरका सहायक प्रमुख नवीन भट्टराई, कर्मचारी तीर्थराज बाँनिया, जनप्रतिनिधिहरु, शेयर सदस्यमध्येबाट बुद्धिजीवी ध्रुबकुमार चेम्जोङ लगायतले शुभकामना मन्तव्य राखेका थिए। सञ्चालक समिति सदस्य केहेरसिंह चेम्जोङले स्वागत मन्तव्य राखेको सभाको सञ्चालन सचिव श्रेष्ठले गरेका थिए।

# प्रसाईंको स्मृतिमा श्रद्धाञ्जली सभा



**बिर्तामोड, पुस ३।** प्याब्सनका सल्लाहकार समेत रहेका शिक्षासेवी हरिकुमार प्रसाईंको स्मृतिमा न्यूट्न्स एकाडेमीले श्रद्धाञ्जलीसभाको आयोजना गरेको छ।

कार्यक्रममा प्रसाईंको स्मृतिमा प्रकाशन गरिएको विशेषांकको समेत हस्तान्तरण गरिएको थियो। प्रतिदिन दैनिकले तयार गरेको र सो विशेषांक विद्यालयका प्रधानाध्यापक देवेन्द्र हुमागाँईलाई प्रदान गरिएको थियो। प्रतिदिन दैनिकका सम्पादक इन्द्रसिंह राजवंशीले प्रसाईंको स्मृतिमा तयार पारेको विशेषांक हस्तान्तरण गरेका थिए।

विद्यालयमा आयोजित कार्यक्रममा पूर्वमन्त्री खगेन्द्र प्रसाईं, अनारमनी पब्लिक क्याम्पसका अध्यक्ष राजकुमार पोखरेल, कञ्चनजंघा इङ्लिस स्कूलका प्रिन्सिपल गुरुभक्त न्यौपाने, दुर्गा मावि गरामनीका प्रधानाध्यापक कृष्णप्रसाद पाठक, एनप्याब्सनका कोषाध्यक्ष मोहन आचार्य लगायतले स्व. प्रसाईंका योगदानका बारेमा आ-आफ्नो धारणा व्यक्त गरेका थिए। प्रतिदिनका सम्पादक राजवंशीले स्वागत गरेको कार्यक्रममा प्याब्सनका बिर्तामोड नगरअध्यक्ष उत्तम खनाल, नागरिक समाजका अगुवा देवीप्रसाद गिरी लगायतका व्यक्तिको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन पत्रकार सरोज पौडेलले गरेका थिए।

## तीन बर्षमा...

संलग्न हुने गरेको देखिएको छ।

नेपालबाट जाने अधिकांश महिला श्रमिकहरू भने सरसफाई काममा संलग्न हुने गरेका छन्। ३९.९ प्रतिशत महिला सरसफाइ कामका लागि पुग्ने गरेका छन्। त्यस्तै सेवाजन्य पेशाहरूमा २५.६ प्रतिशत संलग्न छन्। जसमध्ये नर्सिङ तथा हेरचाहजन्य सेवामा २.८ प्रतिशत महिलाहरू संलग्न हुने गरेका छन्।

नेपालबाट वैदेशिक रोजगारमा जाने सबैभन्दा ठूलो संख्या अदक्ष श्रमिकहरूको छ। पछिल्ला तीन आर्थिक वर्षको तथ्यांक हेर्दा पनि सबैभन्दा ५४ प्रतिशतभन्दा धेरै अदक्ष श्रमिकहरू नै विदेशिएका छन्। आर्थिक वर्ष २०७६/७७ मा ५७.८ प्रतिशत अदक्ष श्रमिकहरू बाहिरीएका छन्। दक्ष श्रमिकहरू ३२.६ प्रतिशत बाहिरीएको तथ्यांकले देखाउँछ। त्यस्तै अर्धदक्ष ९.५ प्रतिशत बाहिरिएका छन्।

उक्त वर्ष व्यवसायिक श्रमिक ०.०९ प्रतिशत, उच्च दक्षता भएका श्रमिक ०.०१ प्रतिशत विदेशिएका छन्। आर्थिक वर्ष २०७७/७८मा ५६.२ प्रतिशत अदक्ष श्रमिक बाहिरिएका छन् भने ७.३ अर्धदक्ष छन्। त्यस्तै दक्ष ३६.४, उच्च दक्षता भएका ०.०२ प्रतिशत र व्यवसायिक पेशाका लागि ०.१ प्रतिशत नेपाली युवाहरू विदेशिएका छन्।

आर्थिक वर्ष २०७८/०७९मा ५४.२ प्रतिशत अदक्ष श्रमिक बाहिरीएका छन्। अर्धदक्ष ७.४ प्रतिशत अर्धदक्ष युवाहरूले श्रम स्वीकृति लिएका छन्। श्रम स्वीकृति लिने दक्ष श्रमिक ३८.३३ प्रतिशत छन्। उक्त वर्ष उच्च दक्षता भएका ०.०१ र व्यवसायिक कामका लागि ०.०६ प्रतिशतले श्रम स्वीकृति लिएका छन्।

## भूमिहीनलाई ...

कार्यक्रममा नगर उपप्रमुख भट्टराईले भूमिहीनको समस्यालाई सदाका लागि अन्त्य गरी समृद्ध नगर निर्माणमा आफूहरु लागीपरेको बताइन्। उनले प्राप्त निवेदनका आधारमा छानविन गरेर चाँडै धनीपूर्जा वितरण कार्य समेत शुरु गर्ने उनले प्रतिबद्धता जनाइन्। त्यसैगरी स्थानीय समाजिक अगुवा शेरबहादुर भट्टराईले अहिलेको स्थानीय सरकारको नेतृत्व नगरको आधारभूत आवश्यकता पूर्ति गर्न केन्द्रित रहेको भन्दै प्रशंसा गरे।

वडाभित्र हालसम्म दर्ता भएका २७५ जना भूमिहीनलाई निस्सा वितरण शुरु गरिएको वडा सदस्य ख्यामकुमारी परियार सरुले जानकारी दिइन्। निस्सा वितरण शुरु भएको भन्दै उनले आइतवार नपाएकाहरुलाई पनि वडा कार्यालयबाट निरन्तर वितरणको काम हुने बताइन्।

## सरकार ...

प्रदान गरेको छ। साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा गाउँ तथा नगरसभाले असार मसान्तसम्म आगामी आर्थिक वर्षको बजेट पारित गरिसक्नुपर्ने व्यवस्था छ। यो व्यवस्था बमोजिम गाउँसभा र नगरसभाबाट बजेट पारित गरी सोको विवरण अनिवार्यरुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा प्रविष्ट गर्नुपर्छ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा तीनमा 'गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगरसभामा पेस गर्नुपर्नेछ, उल्लेख छ। तर बजेट नआएका कारण ती पालिकामा आर्थिक गतिविधि चलायमान हुन सकेका छैनन्। पालिकाले वार्षिक बजेट नल्याउँदा उनीहरुका विकास निर्माणका काम ठप्प हुनेदेखि कर्मचारीले तलब नपाउने सम्मका समस्या देखिएका छन्।

## वान ...

देखिएको अधिकृतहरुको भनाइ छ।

'त्यसमा पैसा डिपोजिट गर्दा एपमा देखाइएको एजेन्टहरुको फोन नम्बर वा बैंक खातामा जम्मा हुने गरेको देखिएको छ'- ती अधिकृत भन्छन्- 'त्यसरी सट्टेबाजीमा संलग्नले जम्मा गरेको रकम सम्बन्धित एजेन्टले रेडी नामक एप्लिकेशनमार्फत वान एक्स वेटको खातामा लोड गर्ने गरेको देखिएको छ।' प्रहरीका अनुसार वान एक्स बेटमा एजेन्टका रुपमा काम गर्नेले खातामा कम्तीमा १ लाखदेखि ३ लाख रुपैयाँसम्म धरौटी राखेको पनि खुलेको छ।

एजेन्टहरुले त्यसरी संकलन गरेको रकम भर्चुअल मुद्रा क्रिप्टोमार्फत कम्पनी एजेन्टलाई पठाउने गरेको पाइएको छ। ती एजेन्टहरुले सट्टेबाजीमा राखिएको रकममध्ये ७ प्रतिशत र निकालिएको रकममध्ये दुई प्रतिशत फिर्ता दिएको खुलेको छ। सट्टेबाजी गर्नेले जितेको रकम पनि उनीहरुले एजेन्टकै सहयोगमा उही प्रक्रिया अनुसार फिर्ता पाउने गरेको प्रहरी अधिकारीहरु बताउँछन्।

# गृहिणीलाई स्वावलम्बी बनाइँदै

**झापा, पुस ३।** गृहिणीहरुलाई स्वाबलम्बी बनाउने उद्देश्यले दमक नगरपालिकाले सिप विकास तालिम शुरु गरेको छ। त्यसका लागि दमक-५को परिवर्तन महिला वचत समूहका सदस्यहरुलाई विवाहमा चाहिने सामग्रीहरु बनाउने तालिम दिन थालिएको हो।

समूहलाई सिप विकास तालिम अन्तर्गत जडीको माला र ठेकी सजावटको तालिम आइतवारबाट शुभारम्भ गरिएको हो। अघिल्लो बर्ष आधारभूत तालिम दिएर यही पेशालाई व्यवसायिक बनाइरहेका १५ जना महिलालाई पुनः उच्चस्तरको तालिम दिन थालिएको हो। दमक नगर उपप्रमुख रेगिना भट्टराईले तालिमको शुभारम्भ गरेकी हुन्। सात दिने तालिमबाट सहभागी महिलाले आफूहरु दक्ष हुन नसक्ने बताएपछि नगर उपप्रमुख भट्टराईले १५ दिने तालिम सञ्चालन गर्न निर्देशन दिएकी थिइन्। तालिमको उद्घाटन गर्दै उपप्रमुख भट्टराईले महिलाहरु पनि स्वावलम्बी बने मात्रै समतामूलक समाज निर्माण हुने बताइन्। तालिममा अम्बिका खनालले प्रशिक्षण दिने कार्यपालिका सदस्य ख्यामकुमारी परियार सरुले जानकारी दिइन्। सहभागीहरुले बेहुलाले लगाउने माला, बिवाहमा प्रयोग हुने ठेकी, नरिवल लगायतका सम्पूर्ण सामग्रीहरु बनाउने उनले बताइन्।


## घर बिक्रीमा

बिर्तामोडस्थित पाथीभरा टोल रोड नं. ८ शनिश्चरेरोड हाइवेले छोएको १८ धुर जग्गामा बनेको साढे ४ तलाको कमर्सियल घर तु-बिक्रीमा छ।

**सम्पर्क :- ९७६५४२३३७८**

## कर्मचारी आवश्यकता

बिर्तामोडमा सञ्चालित प्रतिष्ठित होटलका लागि निम्न पदहरुमा कर्मचारी आवश्यकता भएको हुँदा इच्छुकले तु सम्पर्क राख्नुहोला।

१) मेनेजर :- १ जना
(२) मेन सेफ :- १ जना
३) असिस्टेन्ट सेफ :-१ जना
४) वेटर :- २ जना
५) वेट्रेस :- २ जना
६) रुम ब्वाइ :- २ जना
७) रिसेप्सनिष्ट :- २ जना
८) लेखापाल :- १ जना
९) स्टोर किपर :- १ जना

योग्यता : सम्बन्धित काममा दक्ष
तलब : आपसी समझदारीमा
फारम भर्ने अन्तिम मिति : २०७९ पुस १५ गतेसम्ममा

सम्पर्क: **होटल हेवन ग्रान्ड**
बिर्तामोड-५, झापा (फोन : ०२३-५४०६२५/५४०४८२)


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# विप्रेषणले चलेको जीवन

**नेपाल राष्ट्र बैंकले विगत चार महिनामा नेपालमा झण्डै बीस प्रतिशत रेमिटेन्स भित्रिएको जनाएको छ । यही रेमिटेन्स अर्थात् विप्रेषणका कारण हाम्रो ढिकुटी बलियो भएको उसले दाबी गरेको छ । विदेशी श्रम बजारमा गएका नेपाली युवाहरुको आर्जन नै विप्रेषण हो, जसका कारण नेपालको अर्थतन्त्र चलायमान भइरहेको अर्थशास्त्रीहरुले समेत बताउने गरेका छन् । त्यही कारण हाम्रो सरकार पनि युवालाई स्वदेशमै रोजगारीको अवसर दिने वातावरण र पूर्वाधार तयार गर्नुभन्दा युवालाई श्रम स्वीकृति दिएर विदेश पठाउनै जोडबल गरिरहेको छ । झट्ट हेर्दा पैसा कमाउनु राम्रो पक्ष हो, कमाएको पैसा स्वेदश पठाउनु र त्यसले व्यक्तिगत तथा राष्ट्रिय जीवन उकास्नु झनै राम्रो हो । तर, देश नै वैदेशिक रोजगारमा आश्रित हुनु भनेको 'मन्द विष' पिउनु सरह हो । किनकि वैदेशिक रोजगारीका कारण हाम्रा खेतबारी बाँझिएका छन्, परनिर्भरता बढेर गएको छ र हाम्रा प्राकृतिक स्रोत–साधनहरुको सदुपयोग हुन छाडेको छ । रेमिटेन्सबाट आएको पैसा ऐश–आराम, भोग–विलास र अचल सम्पत्ति जोड्न मै खर्च भइरहेको छ ।**

**रेमिटेन्सकै आकर्षणमा हाम्रा सामाजिक मूल्य–मान्यताहरु कमजोर हुँदै जाँदैछन् । पारिवारिक विखण्डनको क्रम बढेर गएको छ । उत्पादन घट्दै गएको छ, विकृति–विसंगति बढ्ने क्रममा छ । यसरी रेमिटेन्सको आकर्षणले परनिर्भरता बढाएको छ भने सँगै अनेकौंका सपनाहरु सपनामै सीमित बन्न पुगेका छन् । त्यस्तै कतिपयले देखेका मीठो सपनाहरु सास 'उतै' बिसाएर शरीर मात्र स्वदेश पठाउन भ्याएका छन् । यी सबै कारणले मन्द विष बनिएको वैदेशिक रोजगारी र त्यसले भित्र्याउने विप्रेषण हाम्रो दुर्दिनको मुख्य कारण बनिँदैछ । यी सबै कारणले रेमिटेन्स हाम्रा लागि '...को न्यानो' हो जान्दाजान्दै पनि बाँच्ने आधार बनिएको छ ।**

**देशको अस्थिर राजनीतिक व्यवस्था र शासनका कारण अर्थतन्त्र प्रत्येक वर्ष कमजोर भइरहेको छ । त्यसमाथि कोभिड महामारीले थलिएको अर्थव्यवस्था कोभिडपछि खुलेको विदेशी रोजगारीका कारण चलायमान हुन थालेको हो । त्यसकै उदाहरण हो कि सत्तरी लाखभन्दा बढी युवा विदेशिएका छन् जसले मासिक रुपमा औसत दुई खर्ब रुपैयाँभन्दा बढी स्वेदशमा पठाइरहेका छन् । त्यही रेमिटेन्सको भरमा पूरा देश पालिएको छ, प्रधानमन्त्रीदेखि सवैधानिक अङ्गका प्रमुख तथा मन्त्री, पदाधिकारीहरु, राष्ट्रसेवक कर्मचारी, प्रहरी, सेना, शिक्षक लगायतले पनि सेवासुविधा प्राप्त गर्न पाएका छन् । यसरी हेर्दा देशलाई नै पाल्ने, जीवन दिने वैदेशिक रोजगारी र त्यसवापत भित्रिने रेमिटेन्स देशको समृद्धिका लागि सहायक मान्नु पर्दछ । तर, रेमिटेन्स कसरी आउँछ त्यसका लागि हाम्रो समाज, सामाजिक व्यवस्था, सामाजिक मूल्य–मान्यता, स्वाबलम्बी तथा स्वतन्त्र अस्तित्व र गौरव कता हराउँदैछ भन्ने बिर्सिनु हुँदैन । विदेशी भूमिमा बगाएको पसिना, श्रम र समर्पण गरेको जीवनले हाम्रो स्वाभिमान र स्वाधीनताको रक्षा कसरी गर्न सक्ला त्यसतर्फ चिन्तन हुनैपर्छ ।**

# एस्पेरान्तो, हरियो तारा र डा. लाजारो लुदोभिक जामेनहोफ



तीर्थराज खरेल

हामी यो कल्पना मात्र गर्न सक्छौं कि संसारको अर्को कुनामा समस्या आइनपरोस् अनि आफ्नो घरका सदस्यसँग झैं कुराकानी गर्न सकियोस् । तर, यथार्थमा यो सम्भव देखिँदैन किनभने एउटै भाषामा पनि भौगोलिक र अन्य कारणहरूले गर्दा साधारण भेद र असमानता आएर विभिन्न भाषिकाहरूको निर्माण हुन जान्छ भने यत्रो ठूलो संसारमा सबैको मुखमा एउटै मात्र बोली हुन सक्ला भन्ने कुरा कल्पना पनि गर्न सकिँदैन । जहाँ-जहाँ भाषिक साम्राज्यवादहरूको बोलाबाला हुन्छ त्यहाँ त्यहाँ सिक्न सजिलो, बहुभाषावाद, भाषिक अधिकार र भाषिक विविधतामा विश्वास गर्नेहरूको भाषाको रूपमा एस्पेरान्तो एक तटस्थ समाधान भएर उभिन्छ । त्यसमा पनि यसले अहिले भाषिक न्यायलाई आफ्नो नारा बनाएको छ । यस भाषालाई विभिन्न देशमा विभिन्न परिवेशमा विभिन्न प्रकारका मानिसले आफ्नो आफ्नो रुची र उद्देश्य अनुसार प्रयोग गर्छन् । यहाँ कसैले कुनै भाषा प्रयोग र संरक्षण गर्नलाई कसैले दिएको हकको आवश्यकता पर्दैन ।

आजको युगमा मानिसहरूको विभिन्न देशहरूसँग विभिन्न सम्बन्ध रहिरहन्छ, संसारभरका देशहरूमा जानु भनेको टोल छिमेकीको घर जानु जत्तिकै भइरहन्छ । यस्तो अवस्थामा सबै देशको सबै भाषा सिकिराख्ने कुरा पनि आएन । त्यसैले आजभोलि यस्तो एउटा भाषा, जसले दुई विभिन्न भाषाभाषी देशबीच विचारको आदानप्रदान गराउँछ, त्यसको आवश्यकता महशुस गरिनु स्वभाविक हो । आज यो विश्वको सामु विभिन्न देशवासीहरू बीच व्यक्तिगत सम्पर्क कायम गर्ने अद्वितीय माध्यम भएको छ । विभिन्न देशमा पत्रमित्रता गर्ने सजिलो माध्यम हुनुका साथै कुनै पनि देशमा बस्ने किन नहोस्, एक एस्पेरान्तोविद् अर्कोसँग भेट्ना साथ राजनीतिक सीमाना नाघी आत्मीय मित्र बन्दछन् । अझ युरोपेलीहरू त आफ्ना पत्रमित्रहरूलाई खाने बस्ने व्यवस्था गरी दिएर बोलाउँछन् । फेसबुक, ट्वीटर लगायतका सामाजिक सञ्जालको प्रचलन आएपछि यस्तो सम्बन्ध झन् व्यापक हुन थालेको छ । त्यस्तो भाषाको रूपमा एस्पेरान्तो भाषालाई लिन सकिन्छ ।

एस्पेरान्तो एउटा अन्तर्राष्ट्रिय भाषा हो । पोल्याण्डका डा. लाजारो लुदोभिक जामेनहोफले सन् १८८७ मा सृजना गरेको यो भाषा अहिले आएर संसारका एक सयभन्दा बढी देशमा प्रयोगमा आएको छ । यो भाषाको सृजना गरिएका बेलामा भाषाकै कारणले देश तथा जातिहरू बीचमा द्वन्द्वको अवस्था थियो । एउटा व्यक्ति र अर्को व्यक्तिको भाषाको कारणले वैमनश्यता नहोस् र सबैको साझा भाषा हुन सकोस् भनेर डा. जामेनहोफले यो भाषा निर्माणका लागि वर्षौं मेहनत गरेका थिए । अंग्रेजी, नर्वेजियली, स्पेनिश, फ्रेञ्च, जर्मन, पोर्तुगाली लगायतका युरोपका धेरै भाषाको मूल ल्याटिन र ग्रीक लगायतका भाषाहरु हुन्, सबैको साझा भाषा निर्माण गर्न मूललाई ग्रहण गर्न आवश्यक छ र भाषामा रहेका जटिलतालाई न्यूनीकरण गरी सरलीकृत रूपमा भावना, विचार सम्प्रेषणको माध्यमका रुपमा भाषाले काम गर्नुपर्छ भन्ने सिद्धान्तको जगमा यो भाषा निर्माण गरिएको हो ।

भाषाले विश्वबन्धुत्व, भाइचारा, मेलमिलापमा जोड दिनुपर्ने डा. जामेनहोफको सोच थियो । भाषाका कारण शत्रुता नहोस् र भाषाका कारण कुनै पनि देशमा लडाइँ नहोस् र कसैले पनि अकालमा ज्यान गुमाउनु नपरोस् भन्ने उद्देश्यका साथ स्थापित यो भाषा दिनप्रतिदिन लोकप्रिय हुँदै गएको छ र यो भाषा बोल्ने मानिसको संख्या द्रूतगतिमा बढ्दै गएको छ । यो भाषा विश्वका सम्पूर्ण भाषा, धर्म , संस्कृति, भेषभुषा, जातजाति, लिङ्ग, राजनीति तथा समुदायको सम्मान गर्दछ । यसै कारण अमेरिका, चीन, भारत लगायत संसारका धेरै देशमा यो भाषा निर्वाधिरुपमा प्रयोगमा आइरहेको छ र यसको प्रचार भइरहेको छ । अहिले त यो भाषा प्रत्येक देशको कला, संस्कृति तथा अन्य विविधतालाई एक-आपसमा साटासाट गर्ने उपयुक्त माध्यम बनिरहेको छ ।

एस्पेरान्तो भाषाको उत्पतिको विषयमा कुरा गरौं । सन् १८५९ को डिसेम्बर १५ मा तत्कालीन रुसी प्रान्त ब्यालिस्तोक (हाल पोल्याण्ड)मा जन्मेका डा. जामेनहोफले सन् १८८७ को जुलाई २३ मा रुसी भाषामा 'डाक्टर एस्पेरान्तो' भन्ने सानो पुस्तक लेखेर नयाँ तरङ्ग ल्याए । उनको जन्म भएको प्रान्तमा राजनीतिक अस्थिरताका कारण विभिन्न देशका बासिन्दा आएर बसेका थिए र तिनीहरूका बीच मुख्यतः भाषाकै कारण शत्रूता रहेको थियो । उनी बाल्यावस्थामै छँदा भाषाकै कारण उत्पन्न शत्रुता र हिंसाको परिस्थितिबाट वाक्कदिक्क भएका थिए र सन् १८७८ मा अन्तर्राष्ट्रिय भाषाको प्रारूप तयार गरेका थिए । तर, उनी विदेशमा अध्ययनका लागि गएका बेला छोराको कामलाई वाहियात भनेर जलाइदिए उनका बाबुले । उनी मस्को र वार्सामा चिकित्सा शास्त्र अध्ययन गर्न गए र सन् १८८५ मा डाक्टरको उपाधि हासिल गरे । त्यसपछि ६ वर्षको अबिरल खोज, अनुसन्धान र अथक परिश्रमको फलस्वरुप उनले कल्पना गरे जस्तो अन्तर्राष्ट्रिय भाषाको पूर्ण रूप तयार भयो ।



एस्पेरान्तोको शाब्दिक अर्थ आशावादी भन्ने हुन्छ । यस भाषाको संकेतको रूपमा पाँच कुने हरियो तारालाई लिइन्छ । हरियो रंगलाई आशाको प्रतीक मानिन्छ । एस्पेरान्तो सबैभन्दा व्यापकरूपमा प्रयोगमा आएको अप्राकृतिक भाषा हो जुन सजिलैसँग सिक्न सकिने तरिकाले बनाइएको छ । हालसम्म कुनै देशले पनि एस्पेरान्तोलाई आफ्नो आधिकारिक भाषा नबनाए पनि यो भाषाका प्रयोगकर्ताहरू ५० लाखसम्म भएको अनुमान छ । हाल यो भाषालाई अन्तर्राष्ट्रिय सञ्चार तथा भ्रमणको लागि ज्यादा प्रयोग गरेको पाइन्छ । एस्पेरान्तो भाषामा किताब तथा पत्रिका प्रकाशित हुने गर्दछन् । यस भाषाको विकासको लागि विभिन्न देशमा सम्मेलनहरू पनि हुने गर्दछन् ।

ती मध्ये सबभन्दा ठूलो बैठक हरेक वर्ष फरक फरक देशमा हुने 'विश्व एस्पेरान्तो कंग्रेस' हो । जसमा ६० भन्दा बढी देशबाट आएका दुई हजार बढी सहभागी हुन्छन् । एस्पेरान्तो भाषामा शब्द धेरै भाषाबाट आएका छन् । ती मध्ये प्रायःजसो ल्याटिन भाषा र अरू दक्षिण युरोपेली भाषाबाट आएका छन्, जसले गर्दा कुनै युरोपेली भाषा जानेको व्यक्तिलाई यो भाषा सिक्न निकै सजिलो पर्दछ । पहिलो विश्व सम्मेलन फ्रान्सको बुल्योनसुरमेर शहरमा सन् १९०५ मा सम्पन्न भयो, जसमा सात सय एस्पेरान्तो भाषीले भाग लिएका थिए । सन् १९०८ मा विश्व एस्पेरान्तो संघ स्थापना भएपछि यो भाषाको प्रचारले संस्थागत साथ पायो र आज संयुक्त राष्ट्रसंघ र युनेस्कोले समेत मान्यता दिएर यसको विकास तीव्रगतिमा भइरहेको छ । सयभन्दा बढी देशमा एस्पेरान्तो संघहरू यो भाषाको प्रचारका लागि क्रियाशील छन् ।

नेपालमा एस्पेरान्तो भाषाको प्रचलन सन् १९५६ मा टिबोर सिकेलले गरेका थिए । लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम लगायतले पनि यो भाषा सिकेका थिए । यसै ताका काठमाडौंमा एस्पेरान्तो संघको पनि गठन गरिएको थियो । अत्यन्त सरल तथा न्यूनतम् ब्याकरणात्मक नियमहरू प्रयोग गरी सिर्जना गरिएको यो भाषा स्पष्ट, अर्थपूर्ण र लचकदार छ । छोटो समयमा सामान्य बोलीचालीमा प्रयोग गर्न सकिने संसारको एकदमै सरल भाषाको रूपमा यो भाषालाई लिन सकिन्छ । अन्तर्राष्ट्रिय सहायक भाषाको रूपमा पहिचान बनाइसकेको यो भाषाले स्थानीय स्तरदेखि अन्तर्राष्ट्रिय स्तरसम्म हरेक वर्ष सभासम्मेलन गर्दै व्यापार, पर्यटन, शिक्षा लगायतका क्षेत्रको विकासका लागि ठूलो भूमिका खेल्दै आएको छ । लगभग ३० वर्षको सुस्ततापछि सन् १९९० पछि नेपालमा यस भाषाको प्रचारले फेरि तीव्रता पाएको छ । मेची अञ्चलमा पनि सन् २०१४ देखि धीमा गतिमै भए पनि एस्पेरान्तो भाषाप्रतिको जिज्ञासा बढ्दै गएको छ र औंलामा गन्न सकिने भाषा बोल्न सक्ने भाषाका विद्यार्थीहरू यो भाषाको विकास र विस्तारमा लागीपरेका छन् । मेची एस्पेरान्तो सोसाइतो यसका लागि क्रियाशील छ ।

बोलिने भाषाको आधारमा जातीय दुश्मनी र ऐतिहासिक शत्रुतालाई बीचमा पर्खाल बनाएर बैमनश्यताको भावना समेत सृजना गर्ने हाम्रो परिपाटी रहिआएको छ । अंग्रेजी भाषाको बोलबाला भइरहेको आजको विश्वमा संसारमा अन्तर्राष्ट्रिय वैकल्पिक भाषाको रूपमा अन्य भाषालाई उभ्याउन खोज्नु असम्भव जस्तो लाग्छ । तर, अंग्रेजी बाहेक स्पेनिस, पोर्चुगिज, फ्रेञ्च, जर्मन, चिनियाँ, अरबी, हिन्दी, जापानी लगायतका भाषाहरू वैकल्पिक भाषाको रूपमा विकास भइरहेका छन् । यस्तै वैकल्पिक वैश्विक भाषाको रूपमा एस्पेरान्तो भाषालाई पनि लिन सकिन्छ । एस्पेरान्तो एउटा अन्तर्राष्ट्रिय भाषा हो । यो भाषा विश्वका सम्पूर्ण भाषा, धर्म, संस्कृति, भेषभुषा, जातजाति, लिङ्ग, राजनीति तथा समुदायको सम्मान गर्दछ । यसैकारण अमेरिका, चीन, भारत लगायत संसारका धेरै देशमा यो भाषा निर्वाधरूपमा प्रयोगमा आइरहेको छ र यसको प्रचार भइरहेको छ । तसर्थ, वैकल्पिक वैश्विक भाषाको रूपमा एस्पेरान्तो भाषा नित्यनिरन्तर विकासको क्रममा छ र हरेक वर्ष यो भाषाका प्रयोगकर्ता बढिरहेका छन् ।

*tirthakharel2028@gmail.com*

# जेसीजको ४६औं महाधिवेशन : सुदामा रित्तै फर्केका थिएनन्



दिपीन राई

निक्कै पेचिलो अवस्थामा हुर्किएको एउटा संस्थाले आज ११औं वर्ष पार गर्दा यसका संस्थापकहरुले धेरै फड्को मारिसकेका छन् । संस्था स्वयम् समाजमा स्थापित मात्र होइन दर्बिलो समेत बनिसकेको छ । तर, पटक-पटकको प्रयासमा संस्थाका तर्फबाट भएका उम्मेदवारहरु लम्कने प्रयास गर्दागर्दै बिफल भएको अवस्था छ ।

सन्दर्भ अर्जुनधारा जेसीजको हो । सन् २०१२ मा स्थापित भएको अर्जुनधारा जेसीजले यहाँसम्म आउँदा धेरै आरोहअवरोह पार गरिसकेको छ । छोटो समयमा किसान संयोजक जस्ता उपसमिति बनाएर महाकालीमा भएको महाधिवेशनमा प्रस्तुत गर्दा अर्जुनधारा जेसीजको चर्चामा चुलिएको थियो । के जेसीजमा किसान संयोजक पनि बनाउन सकिन्छ ? भनी प्रश्न जेसीजभित्रको बिधान सम्मेलनमा आएको थियो । गर्दा जे पनि हुँदो रहेछ, तर नेतृत्व निर्माण गर्नका लागि । आज त्यही अवस्थामा सबै शाखाहरुले ग्रामीण भेगसम्म पुग्न केही न केही संयोजकहरु निर्माण गरेका छन् । छोटो समयमा जेसीजको अधिराज्यभरि एक सय ७४ वटाभन्दा बढी शाखा निर्माण भएका छन् ।

त्यही जमर्कोले अर्जुनधारा जेसीजले छोटो समयमा आफ्नो भवन निर्माण गरी बस्नका लागि मात्र होइन सामान्य सेमिनार गर्न सक्ने स्थान बनाएको छ । ठूला-ठूला कार्यक्रम गर्न पाटी प्यालेस धाउनुपर्दैन । त्यसको जगबाट अर्जुनधारा जेसीज २०१५ मा उत्कृष्ट मात्र भएन हरेक कार्यक्रममा अर्जुनधारा जेसीज अन्य शाखाहरु बीच मित्रभावसँगै चर्चामा चुलियो । त्यही चर्चासँगै अर्जुनधाराले सन् २०१६ का अध्यक्ष जेसी सार्दुलहाङ ओलीको अगुवाईमा राष्ट्रिय उपाध्यक्षका लागि आफ्नो उम्मेदवारी दियो । काठमाडौंको भूतखेलमा सार्दूलको चर्चा खुब चल्यो । चर्चामा पुग्न सफल अर्जुनधारा जेसीज आफ्नै भवन समेत निर्माण गर्ने भनेर सबै शाखाहरु मध्ये एक नम्बर शाखाको रुपमा गनिएको थियो । एरिया ए, बी, सी र डी का सम्मेलनमा अर्जुनधाराको गरिमा उठ्नु स्वभाविक थियो । त्यसैको बलले सार्दुललाई राष्ट्रिय उपाध्यक्षका लागि शाखाले प्रस्तुत गर्‍यो । भूतखेलको त्यो चिसो डाँडामा अर्जुनधाराको उम्मेदवारी र प्रस्तुति कम थिएन । अन्ततोगत्वा पराजयको पोका बोकेर फर्कनु पर्‍यो ।

पराजय व्यहोर्दा पनि अर्जुनधारा जेसीज निराश भएन । अझ अन्तरक्रिया, छलफलसँगै अभिभावकहरुबाट प्रेरणाका शब्दहरु बर्सिरहे । त्यसैको फलस्वरुप जनकपुरमा भएको सम्मेलनमा वर्ष २०१८ का अध्यक्ष जेसी अजय देवले राष्ट्रिय उपाध्यक्षमा आफ्नो उम्मेदवारी दिए । जनकपुरी राजाको आशीर्वाद र सीता माताको साथले आफ्नो उम्मेदवारी दिएका अजयले उद्घोष गरिरहँदा हलभित्र तालीको वर्षातले आशाको दीयो बलेको थियो । चुनावको माहोल तातिँदै थियो । तर, जेसीजभित्रको पुस्तौंदेखि बन्दै आएको गुटका कारणले अजयलाई त्यहाँ पनि पछि पार्‍यो । पराजयको शिकार बनेर घर फर्किने क्रममा धेरै समीक्षाहरु भए । त्यही समीक्षासँगै वर्ष २०२० मा जेसी भाष्कर भट्टराईलाई रुपन्देहीको भलबारीमा तेस्रोपटक राष्ट्रिय उपाध्यक्षमा उम्मेदवारी दिन प्रेरित गरियो । गौतम बुद्धको जन्मस्थल अनि चर्चामा आएको अर्जुनधारा दुबैको आशीर्वाद सबैतिरबाट मिल्छ भन्ने आशाले युवा जोशका आधारमा उम्मेदवारी दिँदा आशाको दीयो बल्दाबल्दै पनि निराश भएर फर्किनु परेको पीडा आलै छ ।

जेसीज युवाहरुको ढुकढुकी हो । नेतृत्व निर्माणदेखि लिएर समाजको अगाडि परिपक्व हुनसक्ने क्षमता बनाउने विश्व विद्यालय हो । त्यही कुरा सम्झेर अर्जुनधारा जेसीजका पूर्व अध्यक्षहरुले मनन् पनि गरे । निर्वाचनको समयमा काममात्र देखाएको छैन, जेसीजले गर्ने कर्तव्य पनि पूरा गरिसकेको छ । प्रस्ट भन्ने हो भने गोजीमा जेसीजको लेटरप्याड बोकेर हिँड्नेहरु राष्ट्रिय उपाध्यक्ष, कार्यकारी उपाध्यक्ष जस्ता पदमा पुगेर फूर्ति लगाइरहेको अवस्था छ । राजधानीमा बसेर विकट ठाउँको शाखा खोली पदमा पुग्न सफल उम्मेदवारले के-कति काम गरे त्यसको मूल्यांकन तत्काल नभए पनि इतिहासले एकदिन न एकदिन गर्ने नै छ । त्यो भन्दा फराकिलो ढंगबाट अगाडि बढेको अर्जुनधारा जेसीजलाई हेर्ने दृष्टिकोण यो पटकको महाधिवेशनले सूक्ष्म रुपबाट मूल्यांकन गर्दै हेर्नुपर्ने हुन्छ । नलजाई भन्ने हो भने सम्भवत् १७४ वटा शाखामध्ये आफ्नै भवन भएको शाखाको नाममा अर्जुनधारा जेसीज पर्छ । भवन नै नभएका शाखाहरु जेसीजको उपल्लो पदमा बसेर फूर्ति लगाइरहेका छन् । तर, अर्जुनधारा जेसीज जग्गा खोजेर, दुई तले भवन बनाएर हरेक कार्यक्रममा उत्कृष्ट हुँदै आउँदा पनि लबीबाट बाहिर पारेर खेदाइरहनुले न्यायोचित व्यवहार पक्कै हुन सक्दैन कि !

वीरगञ्जमा हुने ४६औं ऐतिहासिक जेसीजको राष्ट्रिय महाधिवेशनमा अर्जुनधारा जेसीज थुप्रै कृष्णहरुको अगाडि सुदामा बनेर उभिएको छ । अब्बल रुपमा उभिएका अर्जुनधारा जेसीजका अध्यक्ष जेसी भीमबहादुर कुँवर (राजु)ले राष्ट्रिय उपाध्यक्षका लागि आफ्नो उम्मेदवारी दिएका छन् । थुप्रै सारथिबीच योजना तर्जुमामा छलफल गरिरहेका कृष्णले मित्र सुधामा आएको सन्देश पाएपछि योजना छलफललाई पछि पार्दै सुदामालाई गर्ने व्यवहारबाट सुदामा खुशी भएको ज्ञानवर्द्धक कथा हामीले पढे जस्तै थुप्रै शाखाका कृष्णहरुले अर्जुनधाराका सुदामालाई सम्मान र माया प्रदान गरेर राष्ट्रिय स्तरमा सँगसँगै डोहोर्‍याउने अवसर प्रदान गर्नेछ भनी हामी पूर्व संस्थापकहरु सादर अनुरोध गर्दछौं ।

नारायणी नदीमा धेरै पानी बगिसकेको छ । अर्जुनधारा जेसीज स्थापना भएको पनि ११ वर्ष पार भइसक्यो । संस्थापक उपाध्यक्षहरु मेयर, वरिष्ठ साहित्यकार, कानून व्यवसायी हुँदै वरिष्ठ सञ्चारकर्मी पनि बनेको थलो हो । अब हामी कृष्णले सुदामालाई माया गरे जस्तै सबै क्षेत्रका शाखाहरुले अर्जुनधारा जेसीज शाखाबाट प्रस्तुत गरिएको राष्ट्रिय उपाध्यक्षका उम्मेदवार जेसी भीमबहादुर कुँवरलाई राष्ट्रिय नेतृत्वमा पुर्‍याउन सबै एरियाको उत्तिकै साथ रहन जरुरी छ । एउटा युवाले अर्को युवालाई डोहोर्‍याउने थलो र नेतृत्वमा पुर्‍याउने संस्था जेसीज भएको कारणले यो ४६औं महाधिवेशनले भूमिका खेल्नेछ भन्दै सबै शाखाहरु प्रति अपिल पनि गर्दछौं ।

## नेपाल रेडक्रस सोसाइटीको हाँसपोखरी उपशाखा गठन

**रोङ, पुस ३।** इलामको रोङ गाउँपालिकामा नेपाल रेडक्रस सोसाइटीको उपशाखा गठन भएको छ ।

नेत्रप्रसाद पोखेलको सभापतित्वमा गठन भएको समितिको उपाध्यक्ष सबिना अर्याल, सचिव गणेश अर्याल र कोषाध्यक्षमा श्यामबहादुर कार्की रहेका छन् भने सहकोषाध्यक्षमा प्रेमराज गुरुङ र सहसचिवमा चिन्तामणि बराल चयन भएका छन् । समितिको अन्य सदस्यहरुमा उत्तमकुमारी लाप्चा भक्तबहादुर भूजेल, चन्द्रप्रसाद तिम्सिना, चन्द लकान्द्री र रमादेवी भट्टराई सदस्य रहेका छन् ।

रोङ गाउँपालिका वडा नम्बर ५ को वडा कार्यालय इरौटारमा भएको रेडक्रसकर्मीहरुको भेलाले उपशाखाको नाम हाँसपोखरी उपशाखा राख्ने समेत निर्णय गरेको नेपाल रेडक्रस सोसाइटी इलामका सभापति शिव गौतमले बताए । कन्याम उपशाखाका सभापति बेदप्रसाद गिरीको सभापतित्वमा भएको कार्यक्रममा जिल्ला समन्वय समिति इलामका सदस्य प्रेमराज गुरुङ, रोङ गाउँपालिका-३ का वडाध्यक्ष मातृका बराल, ५ का वडाध्यक्ष दलबहादुर पुलामी, कार्यपालिका सदस्य युवराज खाप्तुवा राई लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा नवगठित समितिका सभापति नेत्रप्रसाद पोखेलले चुरे क्षेत्रमा रहेको रोङ गाउँपालिकाको अवस्था हेरेर संस्थाले कार्यक्रम बनाउने र सोही अनुसार सबैसँग सहयोगको अपेक्षा रहेको बताए । बैठकले हाँसपोखरी उपसाखा गठन तथा सर्बसहमत उपशाखाको समिति निर्माण गर्न सहयोग गर्ने सबै रेडक्रस कर्मीहरुलाई धन्यवाद दिने निर्णय गरेको समितिका अध्यक्ष नेत्रप्रसाद पोखेलले बताए । रोङ गाउँपालिकामा गठन भएको हाँसपोखरी उपशाखामा हाल एक सय १० जना आजीवन सदस्य रहेको बताइएको छ ।

# पत्रकार बाँस्कोटाको नियात्रा संग्रह विमोचन



**पाँचथर, पुस ३।** नेपाल पत्रकार महासंघ पाँचथर शाखाका अध्यक्ष तथा लेखक गिरीराज बाँस्कोटाको 'कञ्चनजङ्घाको काखबाट' नियात्रा संग्रह विमोचन भएको छ ।

महासंघको वार्षिक साधारणसभाको अवसरमा प्रमुख अतिथि १ नम्बर प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्वोले पाँचथर सदरमुकाम फिदिममा बिमोचन गरेका हुन् ।

लेखक बाँस्कोटाले एक दशकको समयमा विभिन्न ठाउँमा स्थलगत अवलोकन गरेका अनुभवलाई समेटर तयार गरेको उक्त पुस्तकमा पर्यटकीय, धार्मिक स्थल, संस्कार, सभ्यता लगायत दुर्लभ र ओझेलमा परेका कुराहरुको जानकारी मुलक सामग्री समेटेका छन् ।

पुस्तक विमोचन गर्दै आङ्बोले यस पुस्तकको अध्ययनबाट पूर्वी पहाडको पर्यटन क्षेत्रको विकाशमा टेवा मिल्ने साथै हरेक भू-भागमा अवस्थित महत्पूर्ण ठाउँको बारेमा बुझ्न सहज हुने बताए ।

जिल्लाका जो कोही क्षमतावान लेखकले यस प्रकारको रचनाहरुलाई पाठकसामु ल्याउन कोशिस गरेमा खुलेर सहयोग गर्नेसम्मको प्रतिबद्धता जनाउँदै पत्रकार तथा लेखक बाँस्कोटाको प्रशंसा समेत गरे । ज्ञानज्योति पुस्तक पसल काठमाडौंले वितरण गरिरहेको उक्त पुस्तक संयोगवस मन्त्री आङ्बोले नै प्रकाशन गरेको र आफैंले विमोचन गर्ने अवसर मिलेकोमा खुशी व्यक्त गरे ।

यसैबीच शाखाका पूर्वअध्यक्ष तथा सभापतिहरूलाई पनि सम्मान गरिएको छ । सम्मानित हुनेहरुमा शाखाका संस्थापक सभापति श्यामबिक्रम पराजुली, प्रेम ओझा, कृष्ण ओझा, पूर्वअध्यक्ष लवदेव ढुंगाना, लक्ष्मी गौतम र लेखनाथ खतिवडा रहेका छन् । संस्थालाई वर्तमान अवस्थासम्मको उचाईमा ल्याउन खेलेको भूमिकाको उच्च सम्मान गर्दै पत्रकारहरुलाई सम्मान गरिएको जनाइएको छ । त्यस्तै साधारणसभाको अवसरमा पुस्तकालयको उद्घाटन पनि गरिएको छ । साथै इलाम, पाँचथर र ताप्लेजुङका १३ जना पत्रकारलाई वातारण समाचार लेखन सम्बन्धी फेलोसिप हस्तान्तरण गरिएको थियो ।

कार्यक्रममा प्रेस चौतारी पाँचथरका अध्यक्ष रविन्द्र काफ्ले, प्रेस युनियनका अध्यक्ष जितेन्द्र भण्डारी, नेपाल पत्रकार महासंघ प्रदेश प्रतिनिधि तोयानाथ भट्टराई, प्रदेश उपाध्यक्ष लवदेव ढुंगाना, शाखाका पूर्व सभापति प्रेम ओझा, फिदिम नगरपालिकाका मेयर मित्रप्रसाद काफ्ले, जिल्ला समन्वय समिति पाँचथरका प्रमुख रामराज आङदेम्वेले लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

# पालिकास्तरीय गायन तथा नृत्य प्रतियोगिता सम्पन्न

**अर्जुनधारा, पुस ३।** निजी तथा आवासीय विद्यालय संगठन(प्याब्सन) नेपाल झापाको आयोजना र प्याब्सन अर्जुनधाराको सञ्चालनमा आयोजित पालिकास्तरीय गायन तथा नृत्य प्रतियोगिता सम्पन्न भएको छ ।

प्रतियोगिता अन्तर्गत सांस्कृतिक नृत्य, राष्ट्रिय नृत्य, आधुनिक नृत्य र सीनीयर तथा जुनीयर गायन विधामा ३१ विद्यालयका विद्यार्थीहरुले प्रतिष्पर्धा गरेको प्याब्सन अर्जुनधाराका उपाध्यक्ष एवम् कार्यक्रम संयोजक कुमार रायाले जानकारी दिए ।

त्यसैगरी सांस्कृतिक नृत्यतर्फ प्रथम एम्स एकाडेमी, द्वितीय स्वस्तिका शिशु सदन अंग्रेजी माध्यमिक विद्यालय र तृतीय रुपरत्न मेमोरियल अंग्रेजी आवासीय विद्यालय तथा राष्ट्रिय नृत्यतर्फ प्रथम कालिका शिशु सदन अंग्रेजी माध्यमिक विद्यालय, द्वितीय होलीका अंग्रेजी आवासीय विद्यालय र तृतीय रुपरत्न मेमोरियल अंग्रेजी आवासीय विद्यालय भएका छन् ।

त्यस्तै आधुनिक नृत्यतर्फ प्रथम रुपरत्न मेमोरियल अंग्रेजी आवासीय विद्यालय, द्वितीय होलिका अंग्रेजी आवासीय विद्यालय र तृतीय ब्रीलीयन्ट पुपील्स एजुकेशन फाउण्डेशन भएका छन् ।

यता सीनीयर गायनतर्फ स्वस्तिका शिशु सदन अंग्रेजी माध्यमिक विद्यालय, द्वितीय प्रगति अंग्रेजी आवासीय विद्यालय र तृतीय रुपरन्त मेमोरियल अंग्रेजी आवासीय विद्यालय तथा जुनीयर गायनतर्फ प्रथम रोज बर्ड अंग्रेजी विद्यालय, द्वितीय ब्रीलीयन्ट पुपील्स एजुकेशन फाउण्डेशन र तृतीय सूर्यज्योती अंग्रेजी आवासीय विद्यालय भएका छन् ।

प्रतियोगितामा प्रथम हुने पाँचै वटा विधाका विद्यालय यही पुस २४ गते प्याब्सन दिवसको दिन हुने जिल्लास्तरीय प्रतियोगिताका लागि छनौट भएको संयोजक रायाले जानकारी दिए । प्याब्सन अर्जुनधाराका अध्यक्ष रुद्रप्रसाद सिटौलाको अध्यक्षतामा आयोजित उक्त प्रतियोगिताको प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङले उद्घाटन गरेका थिए ।

# प्रदेशस्तरीय फुटबल



**सुरुङ्गा, पुस ३।** जामुनाबारी सामुदायिक वन उपभोक्ता समिति र जामुनखाडी स्पोर्टिङ क्लवको संयुक्त आयोजनामा हर्क राई स्मृति नकआउट फुटबल प्रतियोगिता शुरु भएको छ ।

पहिलो सत्रको अध्यक्षता गरेका जामुनावारी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष खेमराज सिटौलाले खेलकुदका माध्यमद्वारा पर्यटनको विकास गर्न सकिने र उच्चस्तरीय खेलमैदान निर्माणका लागि राज्यले सहयोग पुऱ्याउन अपिल गरे ।

झापा क्षेत्र नं.४ का प्रतिनिधिसभा सदस्य माननीय एलपी साँवाको प्रमुख आतिथ्य र कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलको विशेष आतिथ्यमा भएको कार्यक्रममा जामुनखाडी रङ्गशालाको उद्घाटन गरिएको थियो ।

उद्घाटन सत्रमा खेलकुद प्रतियोगिताको प्रायोजक एक्सल डेभलपमेन्ट बैंक केन्द्रीय कार्यालयका कर्जा विभाग प्रमुख शिवकुमार गिरी, ६ नं. वार्डका वडाध्यक्ष दीर्घबहादुर थापा, वार्ड नं. ९ का वडाध्यक्ष राजेन्द्रप्रसाद उप्रेती, रेडक्रस सुरुङ्गा सभापति बालकृष्ण प्रसाईं, कनकाई खेलकुद समितिका अध्यक्ष जविन तिम्सिना, श्रीहरिकुल नमूना माविका प्रिन्सिपल रोशन केसी, कनकाई उद्योग वाणिज्य संघका महासचिव सरोज सिटौला, ४ नं. वडाध्यक्ष रोशन सुवेदी, एमाले नेता विष्णु गिरी, नेपाली कांग्रेस कनकाई नगर सभापति दुर्गाप्रसाद प्रसाईं, माओवादी केन्द्रका नगर सचिव विष्णुप्रसाद बिमली, कनकाई नगरपालिका सामाजिक विकास समितिका संयोजक नबलकिशोर दत्त लगायतको आतिथ्य रहेको थियो । कार्यक्रममा वन समूहका पूर्व अध्यक्ष परशुराम गिरीले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रमको दोस्रो सत्रको अध्यक्षता जामुनखाडी स्पोर्टिङ क्लवका अध्यक्ष गणेश गिरी गरेका थिए । कार्यक्रममा वार्ड नं. २ का वडाध्यक्ष बलराम राईले खेलमैदानको स्तरोन्नतिका लागि डीपीआरसहितको प्रस्ताव सांसद साँवालाई हस्तान्तरण गरेका थिए ।

जामुनखाडी क्षेत्रभित्रको खेलमैदानमा भइरहेको प्रदेशस्तरीय प्रतियोगितामा आयोजक टिमसहित प्रदेश नम्बर १ का आठ वटा टिमको सहभागिता रहेको छ । खेलमा प्रथम हुने टिमले नगद एक लाख ११ हजार र दोस्रो हुने टिमले नगद ५५ हजार रुपैयाँ ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजक समितिका प्रचार-प्रसार संयोजक सञ्चारकर्मी मोहन नेम्बाङ्ले जानकारी दिए । प्रतियोगिताको उद्घाटन खेल आयोजक जामुनखाडी स्पोर्टिङ क्लव र उर्लाबारी फुटबल क्लवबीच भएको थियो ।

प्रतियोगितामा आयोजकसहित उर्लाबारी फुटबल क्लव, एपिएफ पकली, रोलिङ्ग क्लव धुलावारी, जलथल फुटबल क्लव, बेलवारी फुटबल क्लव, पथरी फुटबल क्लव र शनिश्चरे फुटबल क्लवले सहभागिता जनाउने छन् । प्रतियोगिता सम्पन्न गर्न विश्व विजय खरेलको संयोजनमा आर्थिक समिति, मोहन नेम्बाङ्गो संयोजनमा प्रचारप्रसार समिति, गोपाल बस्नेतको संयोजनमा मैदान व्यवस्थापन समिति, दिनेश राईको संयोजनमा टिम व्यवस्थापन समिति लगायतका विभिन्न उपसमितिहरु समेत निर्माण गरिएको आयोजक समितिका संयोजक गणेश गिरीले जानकारी दिए । कार्यक्रमको सञ्चालन विनोद रानामगरले गरेका थिए ।

# सडक निर्माणमा देखिएको विवाद समाधान

**बिर्तामोड, पुस ३।** सैनिकमोड-गोलधाप सडकखण्डमा भइरहेको कालोपत्रे निमार्णका क्रममा देखिएको विवाद समाधान भएको छ ।

बिर्तामोड नगरपालिका वडा नम्बर ३ स्थित सैनिकमोड चौकमा रहेको राजेश राजवंशीको घरमा जोडिएको लाछी सडक मापदण्ड अनुसार भत्काउनुपर्ने भएपछि जग्गा धनी र सरोकारवालाहरु बीच विवाद भएको थियो ।

बिर्तामोड नगरपालिकाकी नगर प्रमुख पवित्रा महतारा प्रसाई, उपप्रमुख नगेन्द्र प्रसाद संग्रौला, वडा नम्बर ६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वा, वडा नम्बर १० का वडाध्यक्ष दुर्योधन गुरुङ्ग, स्थानीय टोल विकास संस्थाका पदाधिकारी लगायत सरोकारवालाहरुको उपस्थितिमा सहमति भएको उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले बताए । जग्गाधनी राजवंशीले सडक मापदण्ड अनुसार आफ्नो घरमा जोडिएको लाछी भत्काउने र सडकलाई ६० मिटर बनाउन सहयोग गर्ने सहमति जनाएपछि विवाद अन्त्य भएको हो ।

बिर्तामोड नगरपालिकाले लाछी भत्काउन अनुरोध गर्दै राजवंशीलाई पत्र पठाएको थियो । पटक-पटक मौखिक जानकारी गराउँदा समेत राजवंशीले अटेर गरेपछि नगरपालिकाले पत्र पठाएको हो । सहमति भएपछि स्काभेटर प्रयोग गरेर सडकलाई ६० मिटर चौडाई बनाउने काम भएको छ ।

शहरी विकास मन्त्रालयको बजेटमा सैनिकमोड-गोलधाप सडकखण्डमा कालोपत्रेका लागि प्राथमिक चरणको काम धमाधम भइरहेको छ । सैनिक बजारसम्म चार हजार दुई सय मिटर सडकको कालोपत्रे निर्माणका लागि खनाल शान्ति जेभीले चार करोड रुपैयाँमा ठेक्का लिएको हो । आगामी असार मसान्तसम्ममा निर्माण सम्पन्न हुने ठेकेदार कम्पनिका अनिल भट्टराईले जानकारी दिए ।

# सुरुङ्गा कनकाई साकोसको पद हस्तान्तरण



**सुरुङ्गा, पुस ३।** सुरुङ्गा कनकाई बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ११ औं वार्षिक साधारणसभा तथा चौथो अधिवेशनद्वारा निर्वाचित समितिलाई सपथ ग्रहणसहित पद हस्तान्तरण गरिएको छ ।

कनकाई सामुदायिक वन उपभोक्ता समितिको सभाहलमा सम्पन्न कार्यक्रममा उक्त साकोसका नवनिर्वाचित सञ्चालक समिति अध्यक्ष प्रेमप्रसाद चुडाल (प्रकाश), उपाध्यक्ष कमल मैनाली, सचिव श्यामकुमार पौडेल, कोषाध्यक्ष भीष्म मैनाली र सहसचिव कल्पना पौडेल ( ढकाल), सञ्चालक समिति सदस्यहरू सुरेशकुमार गुरुङ, लीला प्रसाईं (संग्रौला), गणेशप्रसाद पोखरेल, खेमराज कार्की र मुनादेवी सिटौलाले प्रमाणपत्र तथा सपथ ग्रहण गरेका थिए । त्यसैगरी श्रीप्रसाद खरेल संयोजक, हरिभक्त सिटौला र अनिता उप्रेती (मैनाली) सदस्य रहेको तीन सदस्यीय लेखा समितिलाई पनि सपथ खुवाइएको छ ।

निर्वाचन समितिका संयोजक कर्णबहादुर डाँगीको अध्यक्षतामा भएको कार्यक्रममा कनकाई नगर सहकारी कार्यालयका प्रमुख हरिप्रसाद पौडेलको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा भीमसेन साकोसका अध्यक्ष नरेन्द्रकुमार श्रेष्ठ, कनकाई सामुदायिक वन उपभेक्ता समितिका उपाध्यक्ष ललितबहादुर कार्की, भगवती साकोसका अध्यक्ष खेमप्रसाद प्रसाईं, निवर्तमान अध्यक्ष लक्ष्मीप्रसाद पाठक, पृथ्वी साकोसका सचिव शिवकुमार कँडेल लगायतले मन्तव्य राखेका थिए ।

सहकारीमा हाल एक हजार तीन सय ९८ जना शेयर सदस्य रहेका छन् भने संस्थाको कार्यक्षेत्र कनकाई नगरपालिका वार्ड नं. २, ३ र ४ का कनकाई वन समूहको सीमा मानिएको प्रबन्धक लीला खवासले जानकारी दिइन् । कार्यक्रम निर्वाचन समितिका सदस्य चन्द्र मैनाली (भतिज) ले सञ्चालन गरेका थिए ।


**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई** बिर्तामोड-५, झापा

– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



9825927477 / 9806090781
9849504771 / 9842695884

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क : ९८१४९९३७१२, ९८४२६७७८५५, ९८२४९९०४६२, ९७४५२६०८२५

**छापाखाना**

क्यालेण्डर | विवाह कार्ड | बिल, भौचर | फ्लेक्स प्रिन्ट | स्टाम (छाप) | कप, टि-सर्ट | लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस् ।
७ बार १२ महिना संचालनमा

**घिमिरे अफसेट प्रेस**
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१९५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**मेचीनगर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
प्रदेश नं. १ नेपाल

**घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना**

मेचीनगर नगरपालिका वडा नं. १० बस्ने श्री राजन विश्वकर्माले निजको नाममा दर्ता रहेको साविक मेचीनगर–२ हाल मेचीनगर–१० स्थित कालाखुच कच्चीसडक मार्गमा पर्ने कि.नं. ७४५ क्षेत्रफल ३३८.६३ वर्ग मि. जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिण तर्फका सँधियार श्री हरिकृष्ण गिरीमा साँध–सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध–सधियार, बाटो, नदिनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न आएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक मेनपा–२<br>हाल मेनपा–१०<br>कि.नं. ७४५<br>क्षेत्रफल ३३८.६३ वर्ग मि. | लम्बाई ३३.२५"<br>चौडाई २३.२१"<br>उचाई १०.०"<br>क्षेत्रफल १०२३ वर्गफिट | पूर्व श्री उर्मिला वि.क.<br>पश्चिम श्री हरिकृष्ण गिरी<br>उत्तर श्री देवीमाया खनाल<br>दक्षिण बाटो |





सबै डाक्टरहरूलाई प्रत्येक हप्ताको शनिबार बिहान ८:00 बजे पछि भेट्न सकिने छ ।

यहाँ सुगर र पेशरको निःशुल्क जाँच गरिन्छ ।

**CARE FIRST PHARMACY & Diagnostic Centre**
बिर्तामोड, झापा (पुरानो ईलाम स्टेन, गाँउले होटल अगाडी)



डा.निस्तुक बराल
Consultant Dermatologist
MBBS,MD NMC No. 16919

फोन नं.: ०२३ ५९०६५७, ९८१४०९२९२३, ९८६२८६३९५४

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680


सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -**
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन्, धैर्य रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
समय बलवान रहेको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनाले तपाईको मन प्रशन्न रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
तपाईको आजको दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
आज तपाईलाई स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरिर गलेर जानेछ, मन खिन्न रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ॥

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने सम्भावना छ, सतर्क रहनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
व्यापार-व्यवसायमा फाइदाको योग रहेको छ, धन लाभ हुने समभावना छ, मिष्ठान्न भोजन प्राप्त हुनेछ, तपाईको आज मन प्रशन्न रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईको लागि लाभदायक हुनेछ, आज तपाईको प्रेम सम्बन्ध सुमधुर रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नाले प्रशन्न रहला ।